# साकेला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

पत्र सख्या : ०७९।०८०
च नं.

१ नं. प्रदेश नेपाल

प्रस्ताव आह्वान सम्बन्धी सूचना !

पटक प्रकाशित मितिः २०७९/०५/२४ गते

प्रस्तुत विषयमा साकेला गाउँपालिकाको आ.व. २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु ५० % लागत साझेदारीमा गर्नुको लागी यस गाउँपालिका भित्रका कृषक/फर्म/कृषक समूह/कृषक समित/ कृषि सहकारीको मार्फत प्रस्ताव आह्वान गर्नको लागी यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (असोज ७ गते ) कार्यालय समय भित्र साकेला गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन जानकारी गराईन्छ ।

तपशिलः

| क्र.स. | कार्यक्रमको नाम | संख्या | उपलब्ध हुन सक्ने अधिकतम रकम | प्रस्ताव पेश गर्न सक्ने साझेदारहरु |
|---|---|---|---|---|
| १ | नयाँ बाख्राको पकेट विकास कार्यक्रम | ३ | रु ५,००,०००।- | फर्म/कृषक समुह/सहकारी |
| २ | नयाँ तरकारीको पकेट विकास कार्यक्रम | ६ | रु २,००,०००।- | फर्म/कृषक समूह/सहकारी |
| ३ | तरकारी बाली पकेट विकास कार्यक्रम | ४ | रु १,५०,०००।- | फर्म/कृषक समूह/सहकारी |

संलग्न हुनुपर्ने कागजातहरुः

१. रु १० को हुलाक टिकट सहितको आवेदन,
२. कार्ययोजना सहितको प्रस्तावना,
३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपि,
४. साकेला गाउँपालिका वा सम्बन्धित निकायमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,(दर्ता प्रमाण पत्र अनिवार्य रुपमा नविकरण गरेको हुनुपर्नेछ) ।
५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ ।
६. समुहको हकमा समुहको माईनोटको प्रतिलिपी, ( बैंक खाता अनिवार्य हुनुपर्नेछ ।)
७. सम्बन्धित वडा कार्यालयको सिफारिस,
८. जुन ठाँउमा कृषि कार्य गर्ने हो त्यस ठाउँको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, साथै तिरो तिरेको रसिदको प्रतिलिपी ,
९. छिमेकी सदियारको सहमती सर्जमिन मुचुल्का,
१०. जग्गा भाडामा भए कम्तिमा ५ वर्षसम्मको जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपि,

नोटः पकेट विकास कार्यक्रमहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ अनुसार हुनेछ ।

महेश राई
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागी
(९८६७८०८३११/९८४४५५४००२/९८४२५४०७३९)